बैठकसंख्या- ७६
मिति: २०७९।०३।३२

**प्रस्तावहरु:**

१. बिगतको निर्णय र योजना तथा कार्यक्रम कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. पुतलीबजार नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृति सम्बन्धमा ।
३. निर्माण ठेक्काको म्याद थप सम्बन्धमा ।
४. सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
५. विविध प्रस्तावहरु:

क. नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक गर्ने सम्बन्धमा ।
ख. शहरी शासन तथा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत योजना कार्यान्वयन सम्बन्धमा ।
ग. नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
घ. अख्तियारी प्रदान सम्बन्धमा ।
ङ. कानूनी सल्लाहकार तोक्ने सम्बन्धमा ।
च. अपाङ्गता परिचयपत्र समन्वय समितिमा महिला सदस्य मनोनयन सम्बन्धमा ।
छ. स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको सदस्य मनोनयन सम्बन्धमा ।
ज. नगर विकास समितिको सदस्य मनोनयन गर्ने सम्बन्धमा ।
झ. सडक उपयोग कर सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १**- आ.व. २०७८/७९ का योजना तथा कार्यक्रम कार्यान्वयनर गत कार्यपालिकाका निर्णयहरु कार्यान्वयनको समिक्षा गरीयो । आ.व. २०७८।७९ मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको फरफारक र नगर कार्यपालिकाको कार्यालय एवम् विभिन्न विषयगत समितिको सिफारिसमा भएका कामको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**- पुतलीबजार नगरपालिका अन्तरगत सम्पादन हुने काम कारबाहीहरुलाई थप मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्बाटसम्पादन गर्न तयार गरिएको पुतलीबजार नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**- पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/७९मा कोभिड १९ को प्रभाव लगायतका कारणबाट सम्पन्न हुन नसकेका देहाय बमोजिमका योजनाहरुको सार्वजनिक खरिद नियमावली (बाह्रौं संशोधन)२०६४ को नियम १२०(क) बमोजिम म्याद थपको लागि पेश भएको हुँदा नगरपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी नियमानुसार म्याद थप गरी काम गराउन स्वीकृति दिने निर्णय गरियो ।

म्याद थप हुने योजनाहरुको विवरण:

| सि.नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्झौता रकम | म्याद सकिने मिति | म्याद थप हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १० न. वार्ड कार्यालय भवन निर्माण कार्य | M/S GyanJyoti Builders Pvt.Ltd,KattikeDeurali -6 Kavre | २०७८/०३/०९ | १६८६६०००.०५ | २०७९/०३/०८ | २०८०/०३/०८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | 12 No. Ward KaryaalayeBhawanTalaaThap | N and A Construction,Putalibazar-1,Syangja | २०७८/११/०२ | १८६२३४५.९२ | २०७९/०३/१५ | २०७९/०६/१५ | |
| ३ | जार्डखोला-पेल्काचौर-गुमार्दी सडक स्तरोन्नती कार्य | Shree Geeta/Simran/Shree Creative JV, Syangja | २०७७/०३/३० | ५६२९३९२५.३६ | २०७९/०३/२९ | २०८०/०३/२९ | |
| ४ | नयाँबजार-ठुलाडिही सडक स्तरोन्नती कार्य | BaniyaNirmanSewaPvt.Ltd, Hetauda, Makwanpur | २०७७/०३/३० | ४८७५११२७.९७ | २०७९/०३/२९ | २०८०/०३/२९ | |
| ५ | मालेबगर कवर्ड हल | Nayabato/GS Engineering JV, Pokhara, Kaski | २०७७/०३/३० | २८८०२७१०.२३ | २०७९/०३/२९ | २०८०/०३/२९ | |
| ६ | Commercial Building at Putalibazar Municipality Ward no. 1 **डी पी आर** | HNM Engieering and CosultancyPvt.Ltd Kathmandu, | २०७९/०२/३० | ११,९७०८२.०७ | २०७९/०३/२९ | २०७९/०९/३० | |

**निर्णय नं**.४-पुतलीबजार नगरपालिकामा बिगत देखि सेवा करारमा कार्यरत कर्मचारीहरुमध्ये कार्यक्रमको प्रभावकारी र सन्तोषजनक कार्यसम्पादन नदेखीएकोले वडा विकास कार्यक्रम अन्तर्गतका सामाजिक परिचालकहरु, र लोक सेवा आयोगको सिफारिसबाट कर्मचारी आईरहेको र दरवन्दीको अवस्था अनुसार (कार्यक्रम तोकीएका बाहेकका) सव ईन्जिनियर र अ. सव ईन्जिनियर पदमा कार्यरत कर्मचारीहरु बाहेकका कर्मचारीहरुको मात्र बढीमा ३ महिनाका लागि म्याद थप गर्न नगर कार्यपालिकाको कार्यालयलाई स्वीकृतिदिने निर्णय गरियो ।अर्को व्यवस्था नहुँदा सम्मको लागि वडा सदस्य र टोल विकास संस्थाका पदाधिकारीहरुबाट वडा विकास कार्यक्रम कार्यान्वयन गर्ने र उक्त कामको लागि यातायात खर्च र खाजा खर्च उपलब्ध गराउने गरी कार्य सम्पादन गर्ने ।

**निर्णय नं**. ५-बिबिध प्रस्थावहरुमाथि छलफल गरी देहायबमोजिम निर्णय गरियो ।

क. पुतलीबजार नगरपालिकामा रहेको कर्मचारीको व्यवस्थापन र संगठन संरचनालाई व्यवस्थित र चुस्त बनाउनका लागि विद्यमान कार्यबिबरण, उपलब्ध स्रोत साधन र आवश्यकताको आधारमा प्रचलित शैद्धान्तिक एवम् कानूनी प्रावधानहरु बमोजिम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणअध्यावधिक गरि पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ख. नेपाल सरकार शहरी विकास मन्त्रालय संगको समझदारीमा कार्यान्वयन हुने नेपाल शहरी शासन तथा पुर्वाधार विकास कार्यक्रम (**NUGIP**) अन्तर्गत देहायका सडकहरुमा प्राथमिकताको आधारमा काम गर्ने गरी आयोजना कार्यान्वयन गर्ने ।

अ. बाडखोला नयाँबजार राहाले मसर्का मोहरिया सडक

आ. प्रगतिनगर शिक्षा चोक बाहाकोट नाम्चे काल्खु सडक

इ. सुम्रेखोला सातुपसल नरभञ्ज्याङ बोडिखोला अर्जुनचौपारी ६ सडक

ग. नगरपालिका क्षेत्रमा लागु हुने गरी नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी, जिल्ला दर रेट समितिले आगामी आर्थिक वर्ष २०७९।८० को लागि निर्धारण गरेको दररेटलाई समेत आधार मानि नगर दर रेट समितिबाट पेश भएको नगर दररेट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम हुने गरी स्वीकृत गर्ने ।

घ. पुतलीबजार नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका विभिन्न शाखा, समिति लगायतका निकाय उपर कुनै पनि प्रकारको रिट निवेदन, फिराद पत्र, उजुरी पत्र दायर भएमा त्यस्ता रिट निवेदन, फिराद पत्र र

उजुरीको लिखित जवाफ वा प्रतिउत्तर पत्र दर्ता गरी मुद्दामा पुर्पक्ष गर्न यस नगरपालिकाको तर्फबाट प्राकृतिक व्यक्ति वा कानूनी व्यक्ति उपर नालेस उजुर गर्नुपरेमा त्यस्ता मुद्दा दर्ता गर्न र कानून व्यवसायी मुकरर गर्न, आफै सम्मानित अदालतहरुमा उपस्थित भई वा वारेश राखी मुद्दामा पुर्पक्ष गर्न र दर्ता भएका मुद्दाहरुमा म्याद तारेख गुज्रेमा म्याद तारेख थामी मुद्दा सम्बन्धी सम्पुर्ण काम कारवाही गर्नको लागि यस पुतलीबजार नगरपालिकाको नगर प्रमुख श्री तुलसी राम रेग्मी(पुतलीबजार नगरपालिका वडा नं. ५ बस्ने) लाई अख्तियारी प्रदान गर्ने ।

ङ. यस नगरपालिका उपर पर्न आएका जुनसुकै प्रकारका मुद्दा र यस नगरपालिकाको तर्फबाट दर्ता गर्नुपर्ने परिस्थिती सृजना भई मुद्दा दर्ता गर्नुपरेमा वा कुनै कानूनी परामर्श लिन आवश्यक भएमा अर्को निर्णय नभएसम्म कानून व्यवसायी अधिवक्ता तुलसी गिरीलाई कानूनी सल्लाहकारीको जिम्मेवारी दिने ।

च. अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गठित नगर समन्वय समितिमा नगर कार्यपालिकाका महिला सदस्य श्री अनिता रुचाललाई तोक्ने ।

छ. सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १४ बमोजिम स्थानीय तह स्तरीय सेनितरी प्याड वितरण तथा व्यवस्थापन समितिमा कार्यपालिकाको महिला सदस्य श्री टोलमाया थापा र विद्यालय सम्पर्क व्यक्तिहरु मध्येवाट इश्वरी कुमारी पौडेल (चक्रकमला आ.वि. पुतलीबजार- १०) र कल्पना कुमारी शाही (जनता मा.वि. पुतलीबजार- ७) लाई तोक्ने ।

ज. नगर विकास ऐन २०४५ (संशोधन २०७५।११।१९)को दफा ४ बमोजिम नगर विकास समितिको सदस्यमा कार्यपालिकाको तर्फबाट श्री उत्तम श्रेष्ठ (वडा नं. १ अध्यक्ष),श्री राजेन्द्र प्रसाद श्रेष्ठ (वडा नं. ३ अध्यक्ष)र श्री शिव वहादुर थापा (वडा नं. ४ अध्यक्ष) रहने र स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सम्बन्धित क्षेत्रका  समाजसेवीहरु मध्येबाट   तारा मल्ल (पुतलीबजार न.पा. ३) र सिता गोदार (पुतलीबजार न.पा. ३) रहने गरी तोक्ने ।

झ. राजस्व परामर्श समितिको सिफारिस अनुसार सडक उपयोग कर सम्बन्धमा व्यापक जनगुनासो आएको र छिमेकी पालिकाहरुले समेत सडक उपयोग कर नलगाएको पाईएको हुँदा यस नगरपालिकामा मात्र कर लगाउन अव्यवहारिक देखिएकोले अर्को निर्णय नहुँदा सम्म सडक उपयोग कर संकलनको कारबाही अगाडी नबढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

२०७९।३।२२

३।२२